# नेपाल राष्ट्र बैंक

## समाचार

गभर्नर डा. युवराज खतिवडासँग नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष जयराम लामिछानेको नेतृत्वमा आएको एक प्रतिनिधिमण्डलले साउन १७ गते भेट गरी नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०६९ ले निर्माण व्यवसायका क्षेत्रमा पर्ने प्रभावका सम्बन्धमा छलफल गऱ्यो ।

उक्त भेटमा एकीकृत निर्देशनको बुँदा नं २ को ९(६) मा भएको व्यवस्था अनुसार 'बैंक तथा वित्तीय संस्थाले तेस्रो पक्षको धितोमा प्रवाहित कर्जालाई वर्गीकरण गर्दा असल, कमसल र शंकास्पद कर्जामा पर्ने भए कर्जा नोक्सानी व्यवस्था कायम गर्दा अतिरिक्त २० प्रतिशत थप कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने, साथै सोही निर्देशनको बुँदा नं २ को ४(२) मा जलविद्युत् परियोजना, विद्युत् प्रसारण लाइन र केबलकार निर्माण परियोजना कर्जाको हकमा कुनै किस्ताले भाखा नाघेमा ९० दिन सम्म असल कर्जाको रूपमा १ प्रतिशत र ९० दिनभन्दा बढी भाका नाघेमा खराब वर्गमा राखी किस्ताको शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने प्रावधानले समेत निर्माण व्यवसायीलाई निरुत्साहित बनाई यस क्षेत्रमा नकारात्मक प्रभाव पर्न जाने र विदेशी निर्माण कम्पनीहरूले मात्र प्रोत्साहन पाउने भएकाले उल्लिखित व्यवस्था निर्माण व्यवसायीहरूको हकमा लागु नहुने व्यवस्था गर्न अनुरोध गरेको छ ।

उक्त अवसरमा गभर्नर डा. खतिवडाले स्वदेशी निर्माण व्यवसायलाई प्रवर्द्धन गर्नु अपरिहार्य रहेको धारणा राख्नुहुँदै यस विषयमा बैंकमा छलफल गरी उक्त प्रावधानलाई नीति नियमको अधिनमा रही परिमार्जन मार्फत् खुकुलो पार्न बैंक तयार रहेको आश्वासन दिनुभएको थियो ।

२०६९ साउन १७ गते बुधबार

गभर्नरको कार्यालय